# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल


प्रमुख प्रशासकीय अधिकृत २०७८/१२/२४

**चमेना गृह (क्यान्टिन) भाडामा लिई चमेना गृह सञ्चालन गर्ने सम्बन्धमा गोप्य शिलवन्दी दरभाउपत्र सहित दरखास्त निवेदन पेश गर्ने सम्बन्धी जरुरी सूचना !**

**(प्रथम पटक प्रकाशित मिति २०७८/१२/२४)**

यस पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भवन हाताभित्र रेहेको चमेना गृह (क्यान्टिन) कम्तिमा १ (एक) वर्षको लागि वा आ.व. २०७९/०८० सम्मको लागि सञ्चालन गर्नुपर्ने भएकोले चमेना गृह (क्यान्टिन) भाडामा लिई चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक योग्य व्यक्ति, फर्महरु, व्यवसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही यो सूचना यस कार्यालयमा प्रकाशित भएको मितिले ७ (सात) दिन (२०७८/१२/३० गते) भित्र रितपूर्वक शिलवन्दी दरभउपत्र सहित दरखास्त निवेदन पेश गर्नु हुन सम्बन्धित सरोकारवाला सवैको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**देहाय / शर्तहरु**

१) यो सूचना यस नगर कार्यपालिकाको कार्यालयमा प्रकाशित भएको मितिले ७ (सात) दिन (२०७८/१२/३० गते) भित्रमा चमेना गृह (क्यान्टिन) भाडामा लिई चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा व्यवसायीहरुले यस कार्यालयको जिन्सी प्रशासन शाखाबाट इच्छुक व्यक्तिको हकमा निवेदन र नेपाली नागरिकताको प्रमाणपत्रको कफोटोकपी संलग्न राखी र फर्म वा व्यवसायीको तर्फबाट निवेदन सहित नागरिकताको फोटोकपी, फर्म वा व्यवसाय दर्ता प्रमाणपत्र र सोको रीतपूर्वक भएको नवीकरण, आ.व. २०७६/०७७ सम्मको करचुक्ता प्रमाणपत्र, VAT, PAN, प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न राखी रु. १,०००/- (एक हजार) को राजश्व दस्तुर फिर्ता नहुनेगरी बुझाई चमेना गृह (क्यान्टिन) भाडामा लाई सञ्चालन गर्ने सम्बन्धमा गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन सम्बन्धी कागतजातहरु खरिद गर्न सकिनेछ ।

२) चमेना गृह (क्यान्टिन) सञ्चालनको लागि खरिद भएका दरभाउपत्र सहितको दरखास्त निवेदन यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन, दिनको १२ बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन पेश गर्नेको नाम, ठेगाना र फोन नं. सहित स्पष्ट खुलाई (फर्म वा व्यवसायको हकमा छाप समेत लगाई र व्यक्तिको हकमा नाम र ठेगाना स्पष्ट खोली) शिलवन्दी सहीछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३) चमेना गृह (क्यान्टिन) को मासिक न्यूनतम भाडा दर रु. ७,४८०/- (सात हजार चार सय असी) बाट नघट्ने गरी न्यूनतम भाडा दर रु. ७,४८०/-(सात हजार चार सय असी) बाट बढाबढ प्रतिस्पर्धा हुने गरी इच्छुक व्यक्ति फर्म वा व्यवसायीहरुबाट गोप्य रुपमा शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन दिई पेश गर्नुपर्ने छ । न्यूनतम भाडा दर रु. ७,४८०/-(सात हजार चार सय असी) भन्दा घटी दररेट उल्लेख गरी पेश गर्ने शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन स्वीकृत हुने छैन ।

२०७८/१२/२४

।१। क्रमश: २ पेजमा

प्रमुख प्रशासकीय अधिकृत

१२। ०७८/१२/२४
प्रमुख प्रशासकीय अधिकृत

४) चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा व्यावसायीहरुले उपलब्ध गराउने खाना, खाजा, चिया, पानी लगायतका विभिन्न आइटम अनुसारका परिकारहरुको नगरपालिकाबाट स्वीकृत दररेट भन्दा बढी नहुने गरी नगरपालिकाबाट स्वीकृत दररेट अनुसार घटाघट प्रतिस्पर्धाबाट मूल्य दर उल्लेख गर्नु पर्नेछ । चमेना गृह (क्यान्टिन) भाडामा लिई चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा व्यवसायीहरुले उपलब्ध गराउने खाजा, खाना, चिया, पानी लगायतका आइटम अनुसारका परिकारहरुको सम्बन्धमा प्रचलित बजार दरको आधारमा तयार गरी निर्धारण गरीए अनुसार नगरपालिकाबाट स्वीकृत भएको दररेट भन्दा बढी हुनेगरी मूल्य दररेट उल्लेख गरी पेश भएका गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन स्वीकृत हुनेछैन ।

५) चमेना गृह (क्यान्टिन) भाडामा लिई चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा व्यवसायीहरुले उपलब्ध गराउने खाजा, खाना, चिया, पानी लगायतका परिकारजन्य आइटमरुको विवरण शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन फाराम यस कार्यालयको जिन्सी प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ । चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा व्यवसायिहरुले स्थानीय बजारका होटलहरुबाट उपलब्ध हुने खाजा, खाना, चिया, पानी आदि लगायतका परिकारजन्य आइटमहरुको गुणस्तर र परिमाण भन्दा कम नहुने गरी उपलब्ध गराउनु पर्नेछ ।

६) माथिका बुदाहरुमा उल्लेख भए बमोजिम चमेना गृह (क्यन्टिन) सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा व्यवसायीहरुले भाडामा लिने चमेना गृह (क्यान्टिन) को भाडा र चमेना गृह (क्यान्टिन) सञ्चालनबाट उपलब्ध गराउने खाना, खाजा, चिया, पानी लगायतका परिकारजन्य आइटमहरुको नगरपालिकाबाट स्वीकृत दररेट भन्दा बढी नहुने गरी र नगरपालिकाबाट स्वीकृत दररेट भन्दा कम हुने गरी घटाघट प्रतिस्पर्धामा पेश भएको मूल्य दररेट अनुसार कार्यालयले यस सूचनामा निर्धारण गरेको शर्त र रित प्रकृया बमोजिम पुराभएको अवस्थामा जम्मा औषतमा घटी (कम) भएको प्रस्तावित मूल्य दररेट भएको प्रस्तवलाई स्वीकृत गरिनेछ ।

७) दर्ता भएका गोप्य शिल्वन्दी दरभाउपत्रहरु सहितको दरखास्त निवेदन पेश (दर्ता) गर्ने अन्तिम दिन दिनको २.०० बजे गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन पेश गर्ने दरखास्तवाला निवेदक वा निजको प्रतिनिधिहरु,यस कार्यालयले निमन्त्रणा गरेका अन्य कार्यालयहरुका प्रतिनिधि र नगर कार्यपालिकाको कार्यालका कर्मचारी प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । गोप्य शिल्वन्दी दरभाउपत्र सहितको दरखास्त निवेदनकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र सहितको गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन खोल्न कुनै बाधा पर्ने छैन ।

०७८/१२/२४
१२। क्रमशः ३ पेजमा
प्रमुख प्रशासकीय अधिकृत

पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

८) गोप्य शिलवन्दी सहदरभाउपत्र सहितको दरखास्त निवेदन खरिद गर्ने र दाखिला (दर्ता) गर्ने अन्तिम दिन एवम् खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि समयमा दर्ता गरिनेछ र खोलिनेछ ।

९) गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन कर्ताले गोप्य रुपमा शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदनमा कबोल गरेको चमेना गृह (क्यान्टिन) को भवनको भडा दररेटमा र चमेना गृह (क्यान्टिन) मा खपत हुने परिकारको दररेट उल्लेख गर्दा अङ्क र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन पेश गर्ने निवेदन कर्ताको सहीछाप भएको हुनु पर्नेछ।

१०) म्याद नाघी आएको रीत नपुगेको र सर्त राखिएको शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन उपर कुनै कारवाही गरिने छैन ।

११) एक व्यक्ति वा फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन दर्ता गर्न पाइने छैन ।

१२) गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन रितपूर्वक खोलिएपछि मूल्याङ्कन गरेश्चात स्वीकृत गर्ने, अस्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३) गोप्य शिलवन्दी दरभाउपत्र सहितको दरखास्त निवेदनमा उल्लेख गरिएका बाहेकका परिकारहरुको दररेट सम्बन्धमा प्रचलित बजार दर अनुसार, सम्झौता वा कार्यालयसंग आपसी समझदारी गरी दुवैपक्षको आपसी सहमती अनुसार हुने वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१४) चमेना गृह (क्यान्टिन) सञ्चालन गर्नको लागि नगर कार्यपालिकको कार्यालयले एक पटकको लागि फर्निचर निशुल्क उपलब्ध गराउने छ ।

१५) यस सूचनामा उल्लेख भएका सर्तहरु यसै सूचना बमोजिम हुने र उल्लेख नभएका वा छुट भएका शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१६) यस सम्बन्धमा विस्तृत व्यहोरा बुझ्नुपरेमा सूचनामा तोकीएको समय भित्र कार्यालय खुलेको दिन कार्यालय समयमा यस कार्यालयका जिन्सी प्रशासन शाखा प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुख (९८५२०५३७११/ ९८५२०४३५११/ ९८६२२८२०५८) सँग सम्पर्क गरी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



फोन नं. ०२६-४०५१६५, वेबसाइट : www.pakhribasmun.gov.np इमेल : pakhribas.nagarpalika@gmail.com